




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



पत्रकार आचारसंहिताको पालना गरौं, पत्रकारितालाई मर्यादित र स्वस्थ राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ चैत १९ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 April 01 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१३


## किर्ते जग्गा प्रकरण: धरौटी तिर्न नसकेपछि मालपोत प्रमुख झा र श्रीनारायण कारागारमैं

प्रस, वीरगंज, १८ चैत/

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले सङ्ठितरूपमा किर्ते तथा ठगीसम्बन्धी कसूर मुद्दामा मालपोत कार्यालय, पर्साका तत्कालीन कार्यालय प्रमुख सुमनकुमार झा र कम्प्युटर अपरेटर श्रीनारायण प्रसादलाई धरौटीमा रिहा गर्ने आदेश दिए पनि धरौटी बुझाउन नसक्दा दुवैजना वीरगंज कारागारमैं छन्।

उच्च अदालतले फागुन १३ गते मालपोत कार्यालयका कर्मचारीद्वयको हकमा प्रमुख झासँग रु १ करोड र कम्प्युटर अपरेटर श्रीनारायणसँग रु ५० लाख धरौटी माग गरेको थियो। दुवैजनाले धरौटीबापतको जमानत दिन नसक्दा कारागारमा बस्नुपरेको हो। वीरगंज–५ मुख्य सडकस्थित स्व कमला राजभण्डारीको करोडौं मूल्यको जग्गा किर्ते गरी फर्जी व्यक्तिको नाममा नामसारी गरेको घटनामा जिल्ला प्रहरी



किर्ते नामसारी भएको वीरगंजको मुख्य सडकको जग्गा र इनसेटमा मुख्य अभियुक्त केवलप्रसाद राणा (बायाँ) र मालपोत प्रमुख सुमन झा (दायाँ)। तस्वीर: फाइल

(बाँकी अन्तिम पातामा)

## वीरगंज-ठोरी हुलाकी राजमार्ग हस्तान्तरण

प्रस, ठोरी, १८ चैत/

वीरगंज–ठोरी हुलाकी राजमार्ग अन्तर्गतको चमरीदेखि चौतारासम्मको



तस्वीर: प्रतीक

३० किलोमिटर सडक कालोपत्र गर्ने ठेक्का सकारेको निर्माण कम्पनी कालिका–बानियाँ जेभीको बुधवारबाट समय सकिएको छ। २०७४ कात्तिक १४ गते ठेक्का सकारेको सो निर्माण कम्पनीको ३९ महीनापछि समय सकिएको हो।

३० किलोमिटर सडक निर्माणको ठेक्का सकारेको सो कम्पनीले झन्डै ५ किलोमिटरको सडक निर्माण पूरा गर्न बाँकी नै रहेको अवस्थामा इन्डियन कन्सल्टेन्सीले आजै हुलाकी राजमार्गलाई हस्तान्तरणसमेत गरेको छ।

इन्डियन कन्सल्टेन्सीका इन्जिनीयर नूर आलम र हुलाकी राजमार्गका प्रतिनिधि रामनाथ चौधरीले संयुक्तरूपमा रिबन काटेर राजमार्गको उद्घाटन गर्दै नेपाली जनतालाई हस्तान्तरण गरेका थिए।

नेपाल सरकारबाट इजाजत पाएको ठाउँसम्म निर्माण कम्पनीले काम पूरा गरेको बताउँदै चितवन राष्ट्रिय निकुञ्जको अवरोधका कारण बाँकी काम पूरा हुन नपाएको इन्डियन कन्सल्टेन्सीका इन्जिनीयर आलमले बताए। उनले तत्काल निकुञ्जसँग समन्वय गरी सहज वातावरण बनेमा अधूरो काम पूरा गर्न तयार रहेकोले निकास निकाल्नसमेत सरोकारवालाको ध्यानाकर्षण गरे।

हुलाकी राजमार्गका प्रतिनिधि चौधरीले पनि चितवन राष्ट्रिय निकुञ्जको अवरोधका कारण काम पूरा गर्न नसकिएको जानकारी दिए। हुलाकी राजमार्गमा घरजग्गा परेकाहरूको लागि एक महीनाभित्रै मुआवजा वितरण थाल्नेसमेत उनले जानकारी दिए। निर्माण कम्पनीको तत्काल धरौटी फिर्ता नहुने भएकोले वातावरण निर्माण भए हालकै

(बाँकी अन्तिम पातामा)





GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Narayanchaur, Naxal, Kathmandu Ph. No: +977-01-5909999
url: www.golchhagroup.com.np www.facebook.com/bajajRENepal

ओम साई अटो टेडर्स राजबिराज, ९८१७३३३३२४। कालिका अटो लिंक, गाईघाट, ९८०१५००७२३, ०३५-४२०४४२। आर. एस. अटोमोबाइल्स, कटारी, ९८०७७८०११५, ०३५-४५०५४८। जी. बि. एस. ट्रेडिङ एण्ड कम्पनी प्रा. लि., गोलबजार, ९८१७७०७०४५, ०३३-५४०१००। नवीन इनटरप्राइजेज, लहान, ९८०१९६६०७५, ०३३-५६१६३६। आर्या मोटर्स, धनुषा ९८२८८६१६१९, ९८०१६२३४२५। अटोबजार, बर्दिबास, ९८०११८९८९८। अन्भी अर्नभ ट्रेडर्स, जनकपुर, ९८०१६२०८७२, ९८०७८४९६७७। जय बौधिमाइ ट्रेडर्स, गाउडा, ९८०३४६१३९, ०५५-५६५२१५। रितिक इन्टरप्राइजेज, लालबन्दी, ९८०२७७२०५२, ०४६-५०१६८७। नित्यम टेडर्स, ९८५५०४४१७४ ०५३-५४००७९। अटोबजार, सिमरा, ९८१४८३३३०४। होराइजन अटो प्रा.लि, हेटौडा, ९८५५०६८४६१। आयाम मोटर्स, पर्सा ९८५५०६०९०३, ०५६-५८३६७३। अनुसी अटो ट्रेडर्स, भरतपुर ९८५५०६०९०३, ०५६-५२३६२५

Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

**यो न सोध कि जिन्दगीले खुशी कहिले दिन्छ। खुशी त ती पनि छैनन्, जोसँग सबैथोक छ।**

**-विचारसार एवं सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# देशव्यापी डढेलो

**अहिले नेपालको प्रायः वन–जङ्गलमा डढेको लागेको छ। कतिसम्म भने वन–जङ्गलभन्दा दशौं माइल टाढासम्म तुवाँलोको साम्राज्य छ। देश होलीमा रमाइरहेका बेलादेखि लागेको तुवाँलो केही कम भएपनि श्वासप्रश्वासमा समस्या र आँखा पिरो हुने समस्या देखिएको छ। यसको भयावहता कतिसम्म देखियो भने विद्यालयहरू नै बन्द गर्नुपर्‍यो र मौसम विभागले सूचना जारी गरेर मानिसलाई आवश्यक कामबाहेक घरबाहिर निस्कन निषेध गर्नुपर्‍यो। यद्यपि तुवाँलोको मार सबभन्दा बढी राजधानीले बेहोर्नुपरेको छ। किनकि चार भञ्ज्याङभित्रको उपत्यका भएकोले यसको प्रदूषण हतपती बाहिर निस्कन पाउँदैन। त्यसैले डढेलोजन्य तुवाँलो होस् वा सवारीसाधनबाट निष्कासित प्रदूषण हतपती राजधानीबाट निस्कन मान्दैन। कि हावा चल्नुपर्छ वा पानी नै पर्नुपर्छ। अहिले राजधानीभन्दा कम भएपनि तराईसमेत यस विपदाको चपेटमा परेको छ। शुरू दिनमा त सास फेर्न अप्ठ्यारै भएको थियो। धेरैले यसलाई जाडोले बिदा मागेकोले कुहिरो लागेको नै भन्ठानेका थिए। तर उकुसमुकुस बढेपछि यो तुवाँलो भएको र पछिका समाचारहरूमा देशभरिका प्रायः वन–जङ्गलमा डढेलो लागेको थाहा भएको थियो।**

**वन–जङ्गलमा आगो लाग्ने विभिन्न कारणमध्ये प्रायः मानिसको लापरवाही वा स्वार्थ हो। लापरवाही यस कारण कि मानिसले धूम्रपान व अन्य कुनै कारणले वन वा वन क्षेत्रमा आगो लगाउँदा डढेलो लाग्छ। मानिसले वनक्षेत्र अतिक्रमण गर्दछ र बालीनाली लगाउँछ, बालीनालीमा वन्यजन्तुहरूले नोक्सान पुर्‍याउँछन्, वन–जङ्गलछेउका मानिसले पशुपालन गरेका हुन्छन्, जसका लागि नयाँ घाँस–बिरुवा चाहिन्छ, यी सब कारणले पनि मानिसले जानीजानी आगो लगाएको हुन्छ। फेरि वन–जङ्गलबाट काठपात चोर्नेहरूले पनि डढेलो लगाइदिएपछि चोरी तस्करी सजिलो हुने ठानेर आगो लगाइदिन्छन्, जुन फैलेर डढेलोको रूप लिन्छ। त्यसबाहेक प्राकृतिकरूपले पनि आगो लाग्छ। सुक्खा मौसममा सुकेका रूखहरू आपसमा ठक्कर खाँदा घर्षणले आगो उत्पन्न हुन्छ र डढेलोको रूपमा विकसित हुन्छ। प्राकृतिक डढेलो भने कम नै हुने गर्दछ। पहाडी क्षेत्रमा सुक्खा पहिरो जाँदा ढुङ्गाहरू आपसमा ठोकिएर पनि आगो सल्कने र यसले दावानलको रूप लिन्छ। आगलागीका कैयौं कारण हुन सक्छ। यी सबप्रति सतर्क र जागरूक रहनु र आगलागीका कारक कुनै कार्य हुन नपाओस्, भइहाल्यो भने तत्काल रोकथामका उपाय गरिहाल्न चनाखो हुनुबाहेक अर्को उपाय छैन।**

**पहिले–पहिले यस्ता आगजनी भइहाल्यो भने पनि सर्वत्र विस्तार हुन नपाओस् भनेर जङ्गलहरूको समानान्तर बीचबीचमा फायर–लाइन बनाइन्थ्यो। यसको मुख्य उद्देश्य नै जङ्गलको सहज निरीक्षण र आगोको मार्गमा बाधा उत्पन्न गर्नु हो। फायर–लाइनको एकातिर आगो लागेको थाहा हुनेबित्तिकै सुरक्षाकर्मीलगायत सरोकार समूहले अर्को भागमा आगो फैलन नदिन त्वरित कारबाई गर्ने हो भने आगलागीबाट अनावश्यक नोक्सान हुन पाउँदैन। वन–जङ्गलमा लागेको आगोबाट वनस्पति र त्यहाँ बस्ने जीवजन्तुले अतिशय नोक्सान त बेहोर्नु नै पर्छ, मानिस पनि यसबाट प्रभावित हुन्छ। आगलागीको चपेटमा वन–जङ्गलनजीकका बस्तीमा पनि आगो सल्कन सक्छ। डढेलोबाट उत्पन्न धूवाँले पारेको नोक्सान त हामीले बेहोरि नै सकेका छौं। यसर्थ सुक्खा मौसम शुरू हुने बित्तिकै सुकेका झारपातमा विशेषज्ञहरूको निगरानीमा नियन्त्रित आगो लगाएर, दावानल बन्नबाट रोक्न अघि सर्नुपर्छ।**

# वायु प्रदूषण : सावधानी र सन्तुलन

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**वायु प्रदूषण कम भएर, सन्तुलित हावा प्राप्त हुने वातावरण बन्न सकेमा अवस्था सामान्य हुने कुरामा विश्वस्त रहनुपर्दछ तर अहिले असन्तुलित वातावरणलाई कसरी सन्तुलित बनाउने भन्ने विषयमा विचार गर्नु आवश्यक छ।**

देशमा वायु प्रदूषण निकै बढेको छ। केही समय पहिले काठमाडौंमा वायु प्रदूषण बढेको समाचार आएको थियो र विस्तारै प्रदूषण कम भएको थियो तर फेरि नेपालमा प्रदूषणको चर्चा निकै बढेको छ। प्रदूषण किन बढ्यो ? यस विषयमा अनेक तर्क आइरहेका छन्। भारतमा धान काटेर डाँठ वा परालमा आगो लगाउँदा वायु प्रदूषण बढेको कुरा पनि आएको छ। देशभरिका वनमा डढेलो लागेर पनि वातावरणमा धूवाँको मात्रा बढ्न गएर प्रदूषित भएको कुरा पनि आएको छ। अहिलेसम्म यी दुई कारण नै बढी सुनिएका हुन्। विगत छ–सात महीनादेखि पानी नपरेको कारण पनि हावामा धूलो र धूवाँको कणको मात्रा बढेको भनाइ पनि बेलाबेलामा सुन्नमा आएको छ। यीबाहेक अन्य सहायक कारणहरू पनि हुन सक्छन्।

यातायातका साधनहरू निर्बाध चलेका छन्। कुन साधनले कति प्रदूषण गर्छ भन्ने कुरातर्फ कसैको ध्यान गएको छैन। सडकमा कुन सवारी साधनले कति धूवाँ फालिरहेको छ भन्ने विषयमा कोही पनि सचेत देखिंदैन। अनगिन्ती ईंटा उद्योग खुलेका छन्। अन्य उद्योगहरूले पनि वातावरणमा त्यत्तिकै प्रभाव पारेको सत्य सबैले बुझेका छन्। सडकहरू जतातत्तै धुलाम्मे छन्। धूलो र धूवाँ उत्पन्न गर्ने अन्य साधन पनि पर्याप्त छन्। निरन्तर वन र वन्य क्षेत्रमाथि आक्रमण भइरहेको छ। मानवीय गतिविधिले वातावरणमा कति असर परिरहेको छ भन्ने विषयमा कोही गम्भीर देखिएको छैन। मानिस लापरवाह र बेपरवाह भएर वातावरणमा प्रहार गरिरहेको छ। वातावरणमा प्रभाव पार्ने कारकमाथि समयमैं ध्यान नदिंदा निरन्तर समस्या बनिरहेको छ।

हामीले सास लिने वायु अर्थात् प्राणवायु नै प्रदूषित हुँदा त्यसको असर सबैलाई पर्छ। प्राणवायु प्रदूषित हुँदा स्वास्थ्यमा गम्भीर असर पर्ने निश्चित छ। चिकित्सकहरूले अहिले बाहिर निस्कन खतरापूर्ण बताइरहेका छन्। यस अवस्थामा देशका शिक्षालयहरू औचारिक रूपमैं चार दिनका लागि बन्द गरिएको छ। यस विषयमा केही नकारात्मक टिप्पणीहरू पनि आएका छन्। कतिपयले के आरोप लगाइरहेका छन् भने घरमा बस्दा प्रदूषण नहुने र विद्यालय जाँदा प्रदूषण हुने हो र ? घर र विद्यालय जहाँ बसे पनि बालबालिकालाई उही त हो नि ! तर चिकित्सकहरूले घरमा बस्न सल्लाह दिइरहेका छन् र अझ सम्भव हुन्छ भने घरमा पनि झ्याल बन्द गरेर बस्दा राम्रो भनी बताइरहेका छन्। प्रदूषण जहाँ पनि छ, हावाको गुणस्तर निकै कम छ। यस अवस्थामा घर बाहिर जाँदा सवारी साधनको आवागमन निरन्तर भइरहने हुनाले अक्सिजनको मात्रा अझ कम हुन सक्ने तथा अझ बढी खतरनाक वायु बालबालिकाले फोक्सोमा भरिन सक्छ। राज्यले त्यसैले शिक्षालयहरू बन्द गरेको हो। यसैगरी शिक्षालय पुगेपछि कक्षा कोठामा कति विद्यार्थी हुन्छन् भन्ने कुरामा पनि विचार गर्नु आवश्यक छ। एउटा कक्षा कोठामा पचास–साठीजना बालबालिका हुन्छन्। वायुको गुणस्तर कमजोर भएको र एउटा कोठामा पचास–साठीजना बस्ने हो भने हावा झन् प्रदूषित हुने नै भयो र त्यही प्रदूषित हावा बालबालिकाले लिंदा फोक्सोमा के असर पर्ला ?

यदि नकारात्मक दृष्टिकोण नराख्ने हो भने राज्यले औसतमा सबै विद्यार्थीको स्वास्थ्यलाई हेर्नुपर्दछ। देशभरको वायुको गुणस्तर कमजोर भएको छ। देशभरको मात्र नभएर छिमेकी अन्य देशको पनि वायुको गुणस्तर कमजोर भएकोले राज्यले बालबालिकाको स्वास्थ्यप्रति गम्भीरता देखाएको हो र यस प्रकार शिक्षालय बन्द गर्ने निर्णय लिनु अघि विभिन्न क्षेत्रसित सल्लाह पनि गरेको हो। यसैगरी देशको विभिन्न भागको वायुको गुणस्तरको विषयमा पनि विश्लेषण गरेको हो। हाम्रो समाजमा पहिलेदेखिकै मान्यता यो पनि हो कि रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु जाती। अहिले पनि स्वास्थ्यसित सम्बन्धित संस्था तथा औषधि पसलहरूमा खोकी, रुघा र दमसम्बन्धी रोगीहरूको सङ्ख्या बढेको तथा औषधि सेवनकर्ताहरू बढेको समाचारहरू आएका छन्। केही दिन पहिले त मौसममा एक्कासि आएको परिवर्तनले यस्तो भएको बताइएको थियो तर वास्तवमा मौसममा आएको परिवर्तनभन्दा वायु प्रदूषणले यस्तो भएको हो। मौसम क्षेत्रका जानकारहरूले अझै केही दिन यस प्रकारको वातावरण कायम रहने जानकारी दिंदा चिन्ता थपिएको छ। तर राज्यको जुनसुकै निर्णयको ठाडो विरोध गर्ने, नकारात्मक टिप्पणी गर्नेहरूले आफ्नो गाउँटोलमा अलिकति धूलो र धूवाँ कम होस् तथा वायु प्रदूषण थोरै भए पनि कम होस् भन्ने विचार पुर्‍याउँछन् ? आफ्नै घर वरिपरि धूलो उडिरहेको हुन्छ र एक दुई बाल्टिन पानी सडकमा छम्केर अलिकति भए पनि धूलो कम गर्ने जाँगर कसैले देखाउँदैन। धूलो उडेर आफ्नै घरमा पस्छ आफ्नै स्वास्थ्य बिगार्छ भन्ने बुझेर पनि नगरपालिका र सरकारलाई गाली गर्छौं तर दुई बाल्टिन पानी सडकमा छम्कनु आफ्नै स्वास्थ्यका लागि उपयोगी हुने कुरा बुझेर पनि केही गर्दैनौं। बरु घरको फोहोर सम्भव भएसम्म छतबाटै सडकमा फाल्छौं।

हो, कोरोनाकालमा शिक्षाक्षेत्र सबैभन्दा प्रभावित भएको हो तर कोरोनाले नेपालमा मात्र असर गरेको हो कि अन्यत्र पनि ? अझ कतिपय देशले सम्पूर्ण शिक्षालय खोल्न अनुमति दिएका छैनन् वा कतिपय देशका सम्पूर्ण शिक्षालय खुल्न सकेका छैनन्। कतिपय शिक्षालय अनलाइनलाई आधार बनाएर शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाइरहेका छन्। अझ पछिल्लो चरणमा कोरोना महामारीको विस्तार भइरहेको छ। यस दोस्रो लहरले पनि कतैकतै लकडाउनको अवस्था सिर्जना गरिरहेको छ। नेपालमा पनि कोरोनाको दोस्रो लहरको डर पसेको छ। नागरिकलाई सतर्क रहन सम्बन्धित क्षेत्रबाट सूचना सार्वजनिक भइरहेका छन् तर ती सूचनाहरूको बेवास्ता गरिएको पाइन्छ। अहिले खोई सामाजिक वा व्यक्तिगत दूरी बनाएको ? बजारमा जाँदा मास्क लगाउने कतिजना हुन्छन् ? घरमा सेनेटाइजरको प्रयोग गरिरहेका छौं ? राज्यका विभिन्न निकायले सामान्यरूपमा सतर्क वा सावधान रहन गरेको आग्रहलाई बेवास्ता गर्नेहरूले नै बढी मात्रामा राज्यका अन्य सकारात्मक निर्णयलाई पनि नकारात्मक देख्ने गरेका छन् र यसै प्रकारले प्रचार गर्ने गरेका छन्।

घरबाट बाहिर निस्कँदा अनिवार्य मास्क प्रयोग गरौं। मास्कको प्रयोग कोरोना रोकथामका लागि हो र अहिलेको प्रदूषित वायुको कारणले पनि हो। सम्बद्ध क्षेत्रले यो पनि बताइरहेको छ कि सकेसम्म घरबाट बाहिर ननिस्कौं, निस्कनैपर्ने अवस्थामा मास्क प्रयोग अनिवार्य गरौं। मास्कले धेरै हदसम्म हावामा रहेको धूलो, धूवाँ रोक्छ। वायु नै प्रदूषित छ भने फोक्सोमा त्यही प्रदूषित हावा जाने हो भनेर नकारात्मक टिप्पणी गर्ने हो भने पनि मास्कको प्रयोगले केही कम प्रदूषित हावा फोक्सोमा जान्छ। आफ्नै स्वास्थ्यको लागि भए पनि मास्क प्रयोग गरौं तर यदि सामाजिक अगुवा तथा समाजका असल व्यक्तिहरूले मास्क प्रयोग गर्दा अरूले पनि त्यसका अनुसरण गर्छन्। अहिले मास्क लाउनेलाई नकारात्मक रूपमा लिन थालिएको छ तर हावाको प्रदूषणलाई विचार गरिएको छैन। अलिकति सम्झना हुनुपर्छ, अस्पतालमा चिकित्सकहरूले धेरै पहिलेदेखि नै सर्जिकल मास्क प्रयोग गर्दै आएका छन्। हामी सर्वसाधारणले पनि सम्भव भएसम्म घरबाहिर निस्कँदा मास्क प्रयोगलाई संस्कार वा बानीको रूपमा विकास गरौं।

वायु प्रदूषण कम भएर, सन्तुलित हावा प्राप्त हुने वातावरण बन्न सकेमा अवस्था सामान्य हुने कुरामा विश्वस्त रहनुपर्दछ तर अहिले असन्तुलित वातावरणलाई कसरी सन्तुलित बनाउने भन्ने विषयमा विचार गर्नु आवश्यक छ। वायु प्रदूषणलाई कुनै एक व्यक्तिको प्रयासले सन्तुलित बनाउन सकिन्छ भन्ने होइन तर हरेकको गतिविधिले वायु सन्तुलनमा प्रभाव पारिरहेको हुन्छ भन्ने कुरालाई पनि स्वीकार गर्नुपर्छ। जब हरेकको गतिविधिले वायु प्रदूषण प्रभावित भइरहेको हुन्छ भने हरेकको गतिविधिले वायु प्रदूषणलाई कम गर्न पनि सहयोग पुग्दछ। अहिले जब वायु प्रदूषण अत्यन्त खतरनाक तहमा पुगिसकेको छ तब हरेकले कसरी वायु–सन्तुलन गर्ने भन्नेतिर विचार गरी सो अनुरूप प्रयास गर्ने कि ? मुख्यगरी वातावरणविद् तथा वातावरणसित सम्बन्धित संस्थाहरूले वायु प्रदूषणलाई स्थानीयस्तरमा कसरी कम गर्न सकिन्छ भन्ने विषयमा गम्भीर हुनु आवश्यक भइसकेको छ।

# भोकमरी शून्यमा झार्ने लक्ष्य प्राप्तिमा ढिलाइ, नेपाल मध्यम अवस्थामा

काठमाडौं, १८ चैत/रासस

कोरोना महामारी र अन्य चुनौतीका कारण सन् २०३० सम्म भोकमरी शून्यमा झार्ने भनी दिगो विकास लक्ष्यअनुरूप अन्तर्राष्ट्रिय समुदायले लिएको लक्ष्य प्राप्तिमा ढिलाइ हुने भएको छ।



तस्वीरः सौजन्य

विश्वव्यापी भोकमरी सूचाङ्क (जिएचआई)ले संयुक्त राष्ट्रसङ्घका विभिन्न एजेन्सीद्वारा उपलब्ध गराइएका तथ्याङ्कहरूमा आधारित रहेर तयार गरेको सन् २०२० को प्रतिवेदनले यो तथ्य औंल्याएको हो। यो प्रतिवेदन १३२ देशका तथ्याङ्कहरू मूल्याङ्कन गरी तयार गरिएको हो।

बुधवार ललितपुरमा आयोजित एक कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरिएको थियो। कार्यक्रममा नेपालको स्थितिबारे पनि समीक्षा गरिएको थियो।

राष्ट्रसङ्घले सन् २०१५ मा नेपाललगायत अन्य सदस्य राष्ट्रहरूद्वारा दिगो विकासका लक्ष्यहरू अवलम्बन हुने घोषणा गरेको थियो, जसमध्ये भोकमरी शून्यमा झार्ने एउटा लक्ष्य हो।

यो वर्षको प्रतिवेदनले मानव समुदाय भोकमरी शून्यमा झार्ने लक्ष्यबाट झन् धेरै टाढिएको देखाउँछ।

दीर्घकालीन भोकमरीको समस्याले संसारभरका ६९ करोड मानिसलाई प्रभाव पारिरहेको छ भने १३ करोड ५० लाख मानिसले अहिले उपयुक्त पोषण नपाइरहेको अवस्था छ।

अहिले विश्वव्यापी भोकमरी सूचाङ्क १८.२ छ। सन् २००० को तुलनामा यसमा सुधार भएपनि अझै धेरै सुधार हुन आवश्यक छ। पचासभन्दा बढी देशमा अहिले पनि भोकमरी दरमा उच्च छ। चौध करोड चार लाख बालबालिका अझै

(बाँकी पाँचौं पातामा)

# व्यापारबाहेक अन्य आवश्यक छैन

**पाठक प्रतिक्रिया**

१३ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'बङ्गलादेश नेपालको लागि लाभदायक' पढें। निश्चय नै बङ्गलादेश आज आफ्नो वास्तविक मुकाममा पुगेको छ र नेपाल, चीन, भारत सबैका लागि लाभदायक बनेको छ। चीनको लागि भारतको प्रभाव कम गर्न, नेपालको लागि पर्यटन विकास गर्न। तर बङ्गलादेशको जन्म हुँदा मलाई त्यहाँका सारा दृश्य झल्झली याद आउँछ। कोही भारतसँग खुशी थिएन, कोही पाकिस्तान टुक्रिएकोमा खुशी थिएन। धेरैले त भारत नै टुक्रियोस् भन्ने चाहन्थे। राजा महेन्द्रले पनि कनीकुथी बङ्गलादेशलाई मान्यता दिए। पछि उनै बङ्गलादेशसम्म पहुँच बनाउन राधिकापुरको मार्ग माग्न थाले र नदिएपछि इन्दिरा गाँधीको विरोध गर्न थाले।

निश्चय नै भारतले पाकिस्तानलाई कमजोर पार्न त्यस्तो गरेको थियो। आज सबै बङ्गलादेशसँग नजीकिन चाहन्छन्। बङ्गलादेश बन्न नदिन अमेरिकाले आफ्नो समुद्री सातौं बेडा नै पठाएको थियो। आज त्यसै अमेरिकामा सबभन्दा बढी बङ्गलादेशी तयारी पोशाक आयात हुन्छ।

लेखकले भनेका छन् हाम्रो संस्कृति मिल्छ। कसरी मिल्छ संस्कृति ? साडी लगाउँदैमा मिल्यो संस्कृति ? हामी रिकापीमा खाँदैनौं। दौरासुरुवाल उनीले लाउँदैनन्। टोपी त टाढाको कुरा भयो। संस्कृति मिलोस् नमिलोस्, व्यापार मात्र मिले पुग्छ। अरूको आवश्यकता छैन।

**डा शिवशङ्कर यादव, छपकैया, वीरगंज**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# पर्साका विद्यालय : कतै खुले-कतै बन्द

प्रस, सेढवा, १८ चैत/

विज्ञान, प्रविधि तथा शिक्षा


तस्वीर: फाइल

मन्त्रालयले देशभर २८३ स्थानमा लागेको डढेलोले बढेको वायु प्रदूषणको कारण चैत २१ गते शनिवारसम्मको लागि देशभरका सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्ने निर्णय गरे पनि पर्सा र बारा जिल्लाका विद्यालयहरू सञ्चालनमा आएका छन्।

प्रदेश २ मा होली पर्व सोमवार मनाइएको र प्रदेश सरकारले मङ्गलवार पनि सार्वजनिक बिदा दिएको कारण बुधवारदेखि विद्यालयहरू सरकारी निर्देशन अनुसार बन्द हुनुपर्नेमा स्थानीय पालिकाहरूको निर्णयबाट विद्यालयहरू सञ्चालनमा आएका छन्। पर्सा, बाराका स्थानीय पालिका र सम्बन्धित निजी तथा आवासीय विद्यालय एशोसिएशन (प्याब्सन) र एन प्याब्सनलगायतले विद्यालय सञ्चालनमा ल्याएका हुन्।

वीरगंज महानगरपालिकाले बुधवारदेखि विद्यालय सञ्चालनमा ल्याउन मङ्गलवार मातहतका विद्यालयहरूलाई निर्देशन जारी गरेको थियो। प्याब्सन पर्साका अध्यक्ष डा हरिशङ्कर साहले फागु पूर्णिमालगत्तै कतिपय विद्यालय बिहीवारदेखि सञ्चालनमा आइरहेको र कतिपय बुधवार सञ्चालनमा आएको बताए।

उनले छिटपुटरूपमा महानगरमा सामुदायिक तथा निजी विद्यालय सञ्चालनमा आएको र केही विद्यालय बन्द भएको बताए। सरकारी र महानगरपालिकाको निर्णय, निर्देशनबाट विद्यालय सञ्चालनमा अलमल भएपनि बिहीवारदेखि विद्यालयहरू सञ्चालनमा आउने जानकारी गराए।

वीरगंज महानगरपालिकाले विद्यालय खोल्न सूचना निकालेको कारण पर्सा जिल्लाका छिपहरमाई, पकाहामैनपुर, सखुवाप्रसौनीलगायतमा पनि सूचना जारी गरी विद्यालयहरू सञ्चालनमा आएका छन्। रामचन्द्र भगत मावि पकाहामैनपुरका प्रधानाध्यापक छोटेलाल प्रसादले महानगरपालिकाका विद्यालयहरू सञ्चालनमा आएका र आफ्नो गापाले पनि विद्यालय बन्द नगर्न सूचित गरेको कारण विद्यालय सञ्चालनमा आएको बताए। उनले पालिकास्तरमा वायु प्रदूषणको प्रभाव नरहेको कारण विद्यालय बन्द गर्नुको औचित्य नदेखिएको बताए। केही पालिकामा भने विद्यालयहरूले सरकारी निर्देशनको पालना गर्दै बन्द भएका छन्।

ठोरी गापाका शिक्षा संयोजक भुपाल जोशीले सङ्घीय सरकारको निर्देशनको पालना गर्दै ठोरी गापामा विद्यालय बन्द गरिएको बताए। उनले जङ्गल सीमासँग जोडिएको र वायु प्रदूषणले प्रभावित भएको कारण विद्यालय बन्द गरिएको बताए।

पटेर्वासुगौली गापाका शिक्षा शाखा प्रमुख शम्भु साहले गापा अध्यक्ष हरिनारायण चौधरीले विज्ञप्ति जारी गरेर विद्यालय सञ्चालनमा ल्याउन आग्रह गरेको बताए। उनले कोरोनासमेतको कारणबाट लामो समयसम्म विद्यालय बन्द गरिएको र पाठ्यक्रम अनुसार अध्ययन नहुँदा अहिले पुनः चार दिन बन्द गर्दा समस्या हुने भन्दै आफ्नो गापा मातहतका सम्पूर्ण शैक्षिक संस्था नियमित सञ्चालन गर्न सूचना जारी गरेको बताए। सरकारले विद्यालय बन्द गर्ने र स्थानीय पालिकाले विद्यालय खोल्ने द्विविधापूर्ण निर्णयबीच बुधवार खुलेको दीपनारायण आदर्श नमूना मावि औराहा पंचगावाँमा विद्यार्थी सङ्ख्या न्यून रहयो। विद्यालयका प्रअ शिवनाथ चौधरीले २० प्रतिशत विद्यार्थी मात्र विद्यालय आएको जानकारी गराए।

# सिम्रौनगढका युवकले हेलिवर्ल्ड बनाए

प्रस, सिम्रौनगढ, १८ चैत/

सिम्रौनगढ नगरपालिका–४ गङ्गानगरका एकजना युवकले आकाशमा उड्ने मेशिनको निर्माण गरेका छन्। उनले सो आविष्कारलाई हेलिवर्ल्ड नामकरण गरेको र यही चैत २० गते सार्वजनिकरूपमा प्रदर्शन गर्ने बताए।

वैज्ञानिक जालन्धर शर्माले हेलिवर्ल्ड बनाएको र यसको सार्वजनिक परीक्षण चैत २० गते बिहान ८ बजे गङ्गानगरमा गर्ने बताए। उनले निर्माण गरेको हेलिवर्ल्डमा दुईजना मानिस अटाउने बताए।

मैदानमा ७० देखि ८० किलोमिटरको गतिमा टेकअफ गरी माथि हावामा सयदेखि दुई सय किलोमिटर प्रतिघण्टाको गतिमा उड्न सक्ने उनले दाबी गरे। उनले हेलिवर्ल्डको निर्माण आफूले नितान्त मेहनत गरी बनाएको र कसैको नक्कल नगरिएको दाबी गरे। हेलिवर्ल्ड निर्माणको


हेलिवर्ल्ड बनाउँदै जालन्धर शर्मा। तस्वीर: रामेश्वर मेहता

लागि सिम्रौनगढ नगरपालिकाका प्रमुख विजयशङ्कर यादवले आर्थिक सहयोग गरेका थिए भने रन–वेका लागि पचरौता नगरपालिकाका प्रमुख रमेश यादवले कालोपत्र सडक निर्माणमा सहयोग गरेका थिए।

हेलिवर्ल्ड निर्माणको लागि वैज्ञानिक शर्मालाई आदर्श कोतवाल गापाका अध्यक्ष मुस्तुफा अन्सारीले पनि आर्थिक सहयोग गरेको बताइएको छ।

# तत्काल मौसममा सुधार नहुने

काठमाडौं, १८ चैत/रासस

विगत केही दिनयतादेखि देशका विभिन्न भागमा देखिएको तुवाँलो तत्काल नहट्ने भएको छ।

मौसमविद् समीर श्रेष्ठका अनुसार तुवाँलो हट्नका लागि मौसमी प्रणाली विकसित भई कि त ठूलो पानी पर्नुपर्छ वा वेगले हावा चल्नुपर्छ। "अबको



दुई/तीन दिनमा त्यस्तो कुनै मौसमी प्रणाली विकास हुने अवस्था देखिएको छैन," मौसमविद् श्रेष्ठले भने।

नेपालका अधिकांश जिल्लामा डढेलो लागिरहेको र लामो समय खडेरी पर्नाका साथै हावा नचेलेका कारणले सोबाट सृजित प्रदूषणका कणहरू वायुमण्डलमा नै जम्मा भएकाले तुवाँलो लागेको बताइएको छ। हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको आंशिक प्रभाव परेको छ। यी प्रणालीहरू सक्रिय नभएकाले वर्षा हुन नसकेको मौसमविद्को भनाइ छ।

दिउँसो देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

त्यस्तै, आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम पाँच दशमलव शून्य डिग्री र सबैभन्दा धेरै नेपालगंजको अधिकतम तापक्रम ३७ दशमलव पाँच डिग्री सेल्सियस रहने अनुमान गरिएको छ।

# प्राधिकरणको उदासीनता

चिरञ्जीवी सापकोटा, ठोरी, १८ चैत/

ठोरी गाउँपालिका–२ को बजारमा


भाँचिएको पोल। तस्वीर: प्रतीक

रहेको विद्युत् पोलमा एक वर्षमा तीनपटकसम्म आगलागी भएर पोल कमजोर भई केही भाग भाँचिएर दुर्घटनाको सम्भावना बढेको छ।

पोल जलेर कमजोर भएको हुँदा जुनसुकै बेला पनि हावाहुरीका कारण दुर्घटना हुने सम्भावना बढेको स्थानीय बासिन्दाले गुनासो गरेका छन्।

यसबारेमा पटक–पटक सम्बन्धित निकायलाई ध्यानाकर्षण गराए पनि कुनै सुनवाइ नभएको शिक्षक अनन्त श्रेष्ठले गुनासो गरे। पोलसँगै रहेको पीपलको रूखको कारण जोखिम बढेकाले पोल स्थानान्तरण गर्नुपर्ने शिक्षक श्रेष्ठले बताए।

वडा कार्यालयले निर्णय गरेर विद्युत् प्राधिकरणमा जानकारी गराएको छ तर पनि पोल स्थानान्तरण गर्ने विषयमा प्राधिकरण गम्भीर देखिएको छैन।

सुवर्णपुर फ्युज सेवा ठोरीका इन्चार्ज रामलाल साहले पोल स्थानान्तरण नेविप्रा पोखरिया वितरण केन्द्रले गर्नुपर्ने भएकोले ढिलो भएको बताए।

# नेपाली सेना राष्ट्रिय एकताको प्रतीक हो –प्रधानसेनापति थापा

प्रस, महोत्तरी, १८ चैत/

नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाले सेना राष्ट्रिय स्वाधीनता र एकताको प्रतीक भएको बताएका छन्।


नेपाली सेनाबाट निवृत्त भएका सैनिकको राजविराजस्थित भिम दल गणमा बुधवार सम्पन्न भूतपूर्व सैनिक सम्मेलनमा पूर्व सैनिक तथा परिवारका सदस्यलाई उपहार प्रदान गर्दै। तस्वीर: रासस

मध्यपूर्वी पृतना मातहतका जिल्लामा बसोबास गर्ने भूतपूर्व सैनिकका प्रतिनिधिलाई बुधवार महोत्तरीको बर्दिवासमा आयोजित भूपू सैनिक सङ्गठनको सम्मेलनलाई सम्बोधन गर्दै प्रधानसेनापति थापाले सो कुरा बताएका हुन्।

मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय एकता कायम गर्नु सेनाको परम् कर्तव्य भएको स्पष्ट पार्दै उनले आफ्नो कर्तव्यपथमा अडिग रही संविधानले सुम्पिएको विशिष्ट जिम्मेवारी पूरा गर्न जस्तोसुकै परिस्थितिको सामना गर्न सदैव सेना तयार रहने बताए। "पुर्खाले रचेको सुनौलो र गौरवमय इतिहासलाई जीवन्त राख्न हामी समर्पित रही कर्तव्यपथमा अघि बढिरहेका छौं। जनचाहनाअनुरूप परिवर्तन र परिमार्जन हुँदै आएको हाम्रो राज्य सञ्चालन प्रणालीलाई स्वस्फूर्तरूपमा आत्मसात् गर्दै संविधानप्रदत्त जिम्मेवारी वहन गर्न नेपाली सेना निस्स्वार्थ त्याग र बलिदानका साथ सेना लागिपरेको छ," प्रधानसेनापति थापाको कथन थियो।

सेनाको भूमिकालाई गरिमामय बनाइराख्न भूपू सैनिकको भूमिका महत्त्वपूर्ण हुने भन्दै थापाले अग्रजहरूले बगाएको रगत पसिनाले मुलुकको राष्ट्रिय स्वाधीनता, अखण्डता कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेको कुरा इतिहासको पानामा स्वर्णिम अक्षरले कुँदिएको बताए।

भूपू सैनिकको आर्थिक उन्नति, प्रगति र बाँकी जीवनको सफल एवं उत्पादनशील व्यवस्थापन, सुख–दुःख


प्रधानसेनापति थापा। तस्वीर: फाइल

बाँड्न, अनुभव आदानप्रदान गर्न र सामूहिक भावनाको विकास गरी कल्याणकारी विविध कार्यक्रमबारे जानकारी गराउनुका साथै सेनालाई समयानुकूल तुल्याउन रायसुझाव सङ्कलन गर्नका लागि भूपू सैनिक सम्मेलनहरू गरिँदै आएका छन्।

सम्मेलनमा चारजनाभन्दा बढी

(बाँकी चौथो पातामा)

# महायज्ञको लागि सरसफाइ

प्रस, वीरगंज, १८ चैत/

सखुवाप्रसौनी गाउँपालिका–२ कटैया टोलमा हुने विष्णु महायज्ञको तयारी समितिले बुधवार सरसफाइ कार्यक्रम गरेको छ।

बिहीवार जलयात्राबाट शुरू हुने महायज्ञ २८ गतेसम्म चल्ने समितिका अध्यक्ष जवाहरप्रसाद कुर्मीले जानकारी गराए। आज भएको सरसफाइ कार्यक्रममा विधायक मन्जुर मियाँ, एमाले प्रतिनिधि यशवन्त यादवलगायत



स्थानीयहरू सहभागी थिए। बिहीवार जलयात्राको उद्घाटन मुख्यमन्त्री लालबाबू राउत गद्दीले गर्ने अध्यक्ष कुर्मीले बताए।

# नेपालको गार्हस्थ्य उत्पादन २.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण

काठमाडौं, १८ चैत/रासस

विश्व बैंकले आगामी आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) २.७ प्रतिशतले वृद्धि हुने र त्यो अर्को आर्थिक वर्षमा ५.१ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ।

विप्रेषण आप्रवाहमा बढोत्तरी हुने अनुमानका आधारमा बैंकले जिडिपी बढ्ने प्रक्षेपण गरेको हो।

दक्षिण एशियाको अर्थतन्त्रबारे बैंकले आज जारी गरेको अर्द्धवार्षिक क्षेत्रीय प्रतिवेदन अनुसार आर्थिक वर्ष २०२१/२२ मा बङ्गलादेशको कुल गार्हस्थ्य उत्पादन ३.६ प्रतिशतले, भारतको १० प्रतिशतले




र पाकिस्तानको आर्थिक वृद्धि १.३ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। "आगामी वर्ष दक्षिण एशियाको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना छ र यस क्षेत्रको अर्थतन्त्र पुनरूत्थानको मार्गमा आउनेछ," प्रतिवेदनमा भनिएको छ।

कोभिड–१९ का कारण धेरै व्यवसाय प्रभावित भएका, राजस्व सङ्कलनमा कमी आएको तथा लाखौं मानिस बेरोजगारी बनेका जनाउँदै प्रतिवेदनमा रोजगारका अवसर अझै प्रभावित हुने, आम्दानी घट्ने र असमानता बढ्दै जाने प्रतिवेदनमा उल्लेख छ।

# प्रदेश २ को शैक्षिक सुधारलाई प्राथमिकता दिइने

प्रस, जनकपुरधाम, १८ चैत/

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले प्रदेश नं २ को शैक्षिक सुधारका लागि प्राथमिकता दिइने घोषणा गरेका छन् । शिक्षा पत्रकार समाजले बुधवार आयोजना गरेको छलफल कार्यक्रममा मन्त्री श्रेष्ठले सो कुरा बताएका हुन् ।

विगतमा प्रदेश २ को शिक्षाको विकासमा गरिएका पहलको समीक्षा गर्दै आगामी कार्यक्रम तय गर्दा प्राप्त सुझावलाई सम्बोधन गरिने प्रतिबद्धता जाहेर गर्दै मन्त्री श्रेष्ठले प्रदेश २ का लागि नागरिकता, जन्मदर्ता निश्शुल्क शिक्षालगायत संवैधानिक हकको कार्यान्वयनमा सरकार कटिबद्ध रहेको बताए ।

धनुषाका चारवटा स्थानीय तहमा सञ्चालित 'राम्रो शिक्षा देऊ' कार्यक्रमको अनुभव आदानप्रदानका लागि नर्वेली दूतावासको सहकार्यमा आसमान नेपालले आयोजना गरेको कार्यक्रममा मन्त्री श्रेष्ठले भने, "शिक्षाको विकास नभएसम्म समाज परिवर्तन सम्भव नरहेकोले शिक्षा क्षेत्रलाई उठाएर नै प्रदेश २ को मुहार परिवर्तन गर्ने हाम्रो लक्ष्य छ । यसको निम्ति आगामी नीति तथा कार्यक्रममा यस प्रदेशको लागि विशेष प्राथमिकताका साथ ठोस कार्यक्रम ल्याउनेछौं ।"

धनुषाको सबैला नगरपालिका, गणेशनाथ चारनाथ नगरपालिका, नगराइन नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिकामा बितेको पाँच वर्षदेखि सञ्चालित परियोजना ९२ वटा विद्यालयमा लागू छ । उक्त विद्यालयमा अध्ययनरत करीब १७ हजार विद्यार्थी कार्यक्रमबाट लाभान्वित भइरहेको आसमान नेपालले जनाएको छ ।



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठ

परियोजनाले बालश्रम मुक्त गर्ने, शतप्रतिशत विद्यार्थीलाई विद्यालयमा भर्ना गराइ नियमित गराउने, विद्यालय र घरमा बालमैत्री तथा लैङ्गिकमैत्री वातावरण निर्माण गर्ने लक्ष्य लिएको छ ।

# राष्ट्रिय जनगणनाको तयारी तीव्र

काठमाडौं, १८ चैत/रासस

राष्ट्रिय सरोकार समितिले राष्ट्रिय योजना आयोग र तथ्याङ्क विभागसँग आगामी जनगणनाको लागि भइरहेको तयारी र हालसम्मको कार्यप्रगतिबारे जानकारी लिएको छ ।



राष्ट्रिय जनगणनालाई सफल बनाउन जिल्ला जनगणना कार्यालयको सचेतना गोष्ठीमा सहभागीहरू । तस्वीरः रासस

समितिले गणकलाई प्रत्येक घरदैलोमा पुगेर वास्तविक तथ्यका आधारमा तथ्याङ्क सङ्कलन गर्ने कार्यमा कुनै कमीकमजोरी हुन नदिन आयोग र विभागको गम्भीर ध्यानाकर्षण गराएको छ । सरकारले आगामी जेठ २५ देखि असार ७ गतेसम्म बाह्रौं राष्ट्रिय जनगणना गर्दैछ ।

समितिको आजको बैठकमा सदस्यहरूले खासगरी बसाइँसराइ र विभिन्न पेशा व्यवसायमा संलग्न हुने सिलसिलामा शहर र विदेशमा जाने नागरिकको दोहोरो गणना हुन सक्ने सम्भावनालाई समयमै होस् पुऱ्याउन सुझाव दिए ।

जनगणनामा शिक्षा, पेशा, बसाइँसराइका अतिरिक्त विदेशमा रहेका नेपाली र नेपालमा रहेका विदेशीको पनि गणना हुन आवश्यक रहेको बताउँदै उनीहरूले सही तथ्याङ्क सङ्कलन गर्न गणकहरू प्रत्येक घरमा पुगे नपुगेको अनुगमन गर्ने प्रणालीसमेत आवश्यक रहेको उल्लेख गरे ।

जनगणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्न ३९ हजार गणक तथा आठ हजार सुपरीवेक्षक परिचालन गरिने सो अवसरमा जानकारी दिइयो ।

सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षताको संस्थागत विकास गर्ने बलियो आधार जनगणना भएको हुँदा सही तथ्याङ्क सङ्कलन गर्न सक्नुपर्छ भन्दै सदस्यहरूले सामाजिक रूपान्तरणका लागि कुप्रथाको जड र केन्द्रबिन्दु मानिएका विषय पत्ता लगाउने गरी फाराम विकास गर्न सुझाव दिए ।

कर र राजस्वलगायतका कारणले सही सूचना नदिने पाटोमा सुधार गर्दै जनगणनामा सबैलाई सहभागिताका लागि प्रेरित गर्न सुझाव दिए ।

महिलाले घरभित्र गरेका कामको मूल्यको गणना हुन आवश्यक रहेको बताउँदै उनीहरूले मुलुकभर सेवा क्षेत्रमा भएको विस्तारको अवस्था कस्तो छ भन्ने कुरा पनि जनगणनामा आओस् भने ।

नेपालले प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणना गर्दै आएको छ । प्रत्येक वर्ष असार ८ गतेलाई जनगणना दिवसका रूपमा मनाउने गरिन्छ । यस वर्षको जनगणनाको मूल नारा 'मेरो गणना : मेरो सहभागिता' रहेको छ ।

योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले राष्ट्रको विकास र समृद्धिको अभियानलाई अघि बढाउन ठीक तथ्याङ्क आवश्यक पर्ने भएकाले राष्ट्रिय जनगणनामार्फत सही तथ्याङ्क सङ्कलन गर्न आयोगले भागीरथ प्रयत्न गर्ने दृढता व्यक्त गरे । तथ्याङ्क विभागका महानिर्देशक नेबीनलाल श्रेष्ठले स्थानीयवासीलाई प्रोत्साहन गर्न रोजगारमा संलग्न नभएका युवायुवतीलाई प्राथमिकता दिने उद्देश्यले दरखास्त आह्वान गरी गणक परिचालन गर्न लागिएको बताए ।

उनले भने, "युवालाई गौरवबोध होस् भन्ने हेतुले विगतमा ९८ प्रतिशत शिक्षक परिचालन गर्दै आएकामा यसपटक ठीकविपरीत सोही प्रतिशत युवालाई गणनामा सहभागी गराउने व्यवस्था गरिएको छ ।"

शहरका उच्च वर्गको तुलनामा कम साक्षरता भएपनि दूरदराजका जनताले वास्तविक तथ्याङ्क उपलब्ध गराएर सहयोग पुऱ्याएको विगतको अनुभव सुनाउँदै महानिर्देशक श्रेष्ठले समाजका सबै तह र तप्कालाई राष्ट्रिय जनगणनामा सहभागी भई सहयोग पुऱ्याउन अपील गरे ।

## नेपाली सेना राष्ट्रिय.....

सन्तान सेनामा भर्ना भएका परिवारजनलाई प्रोत्साहनस्वरूप सम्मान गरिएको थियो ।

यसरी सम्मानित हुनेहरू ३० घरपरिवार थिए । कार्यक्रममा बलाधिकृतरथी प्रभुराम शर्माले भूपू सैनिकको स्वास्थ्य सुरक्षालगायत समग्र सामाजिक दायित्व लिन सङ्गठन तयार रही नयाँ सोच र चिन्तनका आधारमा कल्याणकारी कार्यक्रम अघि बढाइरहेको जानकारी दिए ।

सेनाको बर्दिवास पृथनाले आफ्‌ मातहतका जिल्लामा बसोवास गर्ने भूपू सैनिकहरूको सहभागिता रहने गरी पृथना सम्मेलन गरेको हो । बर्दिवास पृतनाको कार्यक्षेत्रमा महोत्तरी जिल्ला, काभ्रे, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछाप, दोलखा र सिन्धुपाल्चोक छन् । सो अवसरमा सैनिक कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तण्डुल, नेपाल राष्ट्रिय भूपू सैनिक सङ्घका उपसभापति केशरबहादुर भण्डारी, पूर्वसहायकरथी उदितनारायण देवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सम्मेलनमा बर्दिवास पृतना क्षेत्रका ज्येष्ठ भूपू सैनिक ९१ वर्षीय रुद्रबहादुर बस्नेत र ज्येष्ठ एकल महिला ९८ वर्षीया सुमित्रा थापालाई सम्मान गरिएको थियो ।

सम्मेलनमा सहभागी भूपू सैनिक एवं एकल महिलालाई ब्लाङ्केट, टोपी, सल, प्राथमिक उपचार बक्स, कल्याणकारी हाते पुस्तिका र आम सञ्चारमाध्यम प्रयोगसम्बन्धी मार्गदर्शन प्रदान गरिएको थियो ।

# हराएका बालिका र किशोरी भारतमा फेला

प्रस, महोत्तरी, १८ चैत/

महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिका वडा नं ८ धर्मपुरबाट मङ्गलवार हराएका बालिका र किशोरीसहित सातजना बुधवार फेला परेका छन् । उनीहरूलाई प्रहरीले उद्धार गरेको जनाएको छ ।



सीतामढीमा भेटिएका बालिकाहरू । तस्वीरः सौजन्य

सातैजनालाई जिप्रका महोत्तरीले भारतीय प्रहरीको समन्वयमा सीमावर्ती भारत सीतामढीको रेलवे स्टेशनबाट उद्धार गरेको जनाएको छ ।

महोत्तरीका प्रहरी उपरीक्षक दिनेश आचार्यका अनुसार मङ्गलवार दिउँसो गाउँनजीकै उनीहरू घाँस काटिरहेका थिए ।

१० देखि १८ वर्षसम्मका सात बालिका साँझसम्म घर नफर्किएपछि अभिभावकले प्रहरीलाई खबर गरेका थिए । उनीहरू किन, कसरी, कसमार्फत भारत पुगे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रउ आचार्यले बताए ।

दिउँसो घाँस काट्न गएका बालिकाहरू घर नफर्केपछि धर्मपुर गाउँमा कोलाहल मच्चिएको थियो । घाँस काट्न समूहमा निस्कनेमा १० वर्षीया रञ्जना पासवान, १० वर्षकै सीमा पासवान, १३ वर्षीया ज्योति पासवान, १५ वर्षीया रिया पासवान, १५ वर्षकै रचना पासवान साथै १८ वर्षीया नगिना पासवान र अस्मिता पासवान हुन् । प्रहरीले उनीहरूको फोटो लिएर भारतमा खोजतलाश गरेको थियो ।

## फरक समाचार

# कन्टेक्ट लेन्स लगाएर नुहाउनुहुँदैन

कन्टेक्ट लेन्स लगाएर नुहाउँदा आँखाको सङ्क्रमणको खतरा सात गुना बढी हुन्छ । आँखा दुख्नुका साथै लालिमा र कोर्नियामा अल्सर पनि हुन सक्ने ब्रिटिश शोधकर्ताले बताएका छन् । शोधकर्ताले कन्टेक्ट लेन्स लगाउने ७८ जना प्रयोगकर्तामाथि अनुसन्धान गरेको थियो । लेन्स लगाएर नुहाउँदा आँखामा नराम्रो असर पर्छ । यदि यसको उपचार गरिएन भने धमिलो देखिने समस्या हुन्छ ।



शोधकर्ताको भनाइ अनुसार नुहाउने क्रममा यदि लेन्स लगाइएको हुन्छ भने ब्याक्टेरियालाई आँखामा सङ्क्रमण फैलाउन मदत पुग्छ । नुहाउँदा लेन्सको सतहमा नमी हुन्छ, जसबाट ब्याक्टेरियाले आफ्नो सङ्ख्या र सङ्क्रमणको दायरा सजिलै बढाउँछ । शोधकर्ताका अनुसार कन्टेक्ट लेन्स लगाएर सुत्नु पनि हुँदैन । यसबाट ब्याक्टेरिया र फङ्गल इन्फेक्शनको खतरा तीन गुनासम्म बढ्छ । यस सङ्क्रमणलाई विज्ञानको भाषामा माइक्रोबियल किरेटाइटिस भनिन्छ । अनुसन्धान अनुसार ब्रिटेनमा ४० लाख व्यक्तिले कन्टेक्ट लेन्सको प्रयोग गर्छन् । यसको कारण आँखामा सङ्क्रमणको मामिला साधारण मानिन्छ । जुन पछि गएर आँखाको ज्योति घटाउने काम गर्छ, यसैले सचेत रहन जरुरी छ ।

साउथैम्प्टन विश्वविद्यालयका शोधकर्ता परवेज हुसेनको भनाइ छ, लेन्सको हेरचाह र सरसफाइमा ध्यान नदिए सङ्क्रमण बढ्छ । लेन्स प्रयोग गर्ने ७८ जनामध्ये ३७ जनामा आँखाको सङ्क्रमण अर्थात् माइक्रोबियल किरेटाइटिस हुने गरेको छ । शोधकर्ताको भनाइ अनुसार सबैभन्दा बढी खतरा २५ देखि ३९ वर्षको उमेरका व्यक्ति बढी छन् । कन्टेक्ट लेन्सको सबैभन्दा बढी प्रयोग यसै उमेरका व्यक्तिले गर्छन् । ब्रिटिश कन्टेक्ट लेन्स एशोसिएशनका अध्यक्ष इलैक्ट निल रिटेलिकको भनाइ छ, संसारभरि १४ करोड व्यक्तिले सफलतापूर्वक लेन्सको प्रयोग गर्छन् ।

# गिजाको रोग हुनेलाई रक्तचापको समस्या

गिजाको रोगबाट ग्रसित व्यक्तिमा रक्तचाप बढ्ने खतरा दुई गुना बढी हुन्छ । यो दाबी युनिभर्सिटी कलेज लन्डनका शोधकर्ताले आफ्नो अनुसन्धानमा



गरेका हुन् । शोधकर्ताका अनुसार गिजाको रोग पिरियोडोन्टाइटिसबाट ग्रसित २५० व्यक्तिमाथि अनुसन्धान गरिएको थियो । अनुसन्धानमा २.३ गुनासम्म रक्तचाप बढेको थियो । पिरियोडोन्टाइटिस गिजामा हुने सङ्क्रमण हो । यस सङ्क्रमणमा रगत आउनुको साथसाथै दाँत पनि कमजोर हुन्छ । शोधकर्ताका अनुसार पिरियोडोन्टाइटिसबाट ग्रसित २५० मध्ये १४ प्रतिशत रोगीमा उच्च रक्तचाप अर्थात् हाइपरटेन्शनको समस्या देखिएको थियो ।

गिजाको रोग कति गम्भीर हुन्छ, रोगीमा यसको स्तर देखिएको थियो । यसको अलावा उच्च रक्तचाप पनि नापिएको थियो र रक्त परीक्षण पनि गरिएको थियो । परीक्षणको माध्यमबाट यो जाँच गरिएको थियो कि रगतमा सि-रिएक्टिभ प्रोटिन कति छ । रगतमा सि-रिएक्टिभ प्रोटीनको स्तर बढी हुनु शरीर सुन्निने इशारा हो । यसको अलावा शोधमा उमेर, लिङ्ग, बिएमआई, धूम्रपान र शारीरिक गतिविधिजस्ता गतिविधि पनि सामेल गरिएको थियो ।

शोधकर्ता डा इवा एगुइलेरा भन्छिन्, रक्तचाप बढेपछि धेरैजसोले यसको लक्षण थाहा पाउँदैनन्, नतीजा मुटुको रोगको खतरा पनि बढ्छ । शोधकर्ता फ्रेन्सेस्को भन्छन्, पिरियोडोन्टाइटिसको ब्याक्टेरियाले गिजालाई क्षति पनि गर्न सक्छ । यही ब्याक्टेरिया शरीरमा सुजनलाई बढाएर उच्च रक्तचापजस्तो समस्या उत्पन्न गर्छ । शोधकर्ताको भनाइ अनुसार धेरैजसो रक्तचापबारे अनजान रहन्छन् । जब गिजासम्बन्धी समस्या हुन्छ भने रक्तचापलाई अवश्य चेकजाँच गर्नुपर्छ, यसबाट समयमा रोगबारे थाहा पाउन सकिन्छ ।

हाइपरटेन्शन जर्नलमा प्रकाशित शोध अनुसार दिनमा दुईपटक दाँतको सफाइ गर्दा बढीजसो मुखको समस्याको निदान हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जापानद्वारा म्यान्मालाई दिने नयाँ सहायता रोक्ने घोषणा

टोकियो, १८ चैत/एएफपी

जापानले म्यान्मामा प्रजातान्त्रिक प्रक्रिया अवरुद्ध गरी सेनाले सत्ताविद्रोह गरेको भन्दै नयाँ आर्थिक सहायता दिन बन्द गरेको छ।



जापानका विदेशमन्त्री तोसिमिचु मोटेगी। तस्वीरः एएफपी

तर सेना र प्रहरीका कमान्डरहरूलाई अन्य देशले प्रतिबन्ध गरे पनि जापानले त्यस्तो प्रतिबन्ध भने नलगाएको विदेश मन्त्रालयले जनाएको छ।

म्यान्माका लागि जापान सबैभन्दा ठूलो दातृ मुलुक हो। जापानका विदेशमन्त्री तोसिमिचु मोटेगीले आर्थिक सहायता रोकेर म्यान्मालाई प्रस्ट सन्देश दिन खोजेको बताएका छन्।

संसद्मा मङ्गलवार सम्बोधन गर्दै विदेशमन्त्री मोटेगीले भने, "म्यान्माका निम्ति सबैभन्दा बढी आर्थिक सहायता उपलब्ध गराउने जापान प्रमुख राष्ट्र हो। अब नयाँ सहायता म्यान्मालाई दिइनेछैन। हामीले प्रस्ट अडान राखेका छौं।"

संयुक्त राज्य अमेरिका, बेलायत र युरोपेली युनियनले सत्ताविद्रोहमा संलग्न प्रहरी र सेनाका वरिष्ठ कमान्डरका साथै सेनाको नियन्त्रणमा रहेका व्यापारिक एवं व्यावसायिक कम्पनीमाथि विभिन्न किसिमका प्रतिबन्धहरू घोषणा गरिसकेका छन्।

तर जापानको म्यान्मासँग बलियो आर्थिक तथा म्यान्माको सेनासँग रहेको लामो समयदेखिको सम्बन्धका कारण जापानले केही नरम नीति लिएको छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार नयाँ सहायता मात्र रोकिनेछन्। हाल सञ्चालनमा रहेका आयोजनामा हुने लगानी भने यथावत् रहनेछ।

म्यान्मामा प्रजातन्त्रको पुनर्बहालीका लागि भएको प्रदर्शनमा हालसम्म ५०० भन्दा बढी व्यक्ति मारिइसकेका छन्। विश्वका शक्तिशाली मुलुकहरूले म्यान्माको सैन्य विद्रोहलाई लिएर निन्दा एवं भर्त्सना गरिरहेका छन्।

जापानले म्यान्माको सैन्य सत्ता विद्रोहलाई लिएर आलोचना गर्नुका साथै लोकतन्त्रको पुनर्बहालीका लागि आह्वान गरेको छ।

म्यान्मामा केही हजार जापानी नागरिक र सयौं जापानी कम्पनी रहेको विश्वास गरिन्छ। म्यान्मामा हाल विदेशी लगानीका दृष्टिबाट जापान पाँचौं ठूलो लगानीकर्ता मुलुक हो। रासस

## सेना, नौसेना र हवाई सेनाका प्रमुखहरूको एकसाथ राजीनामा

ब्रासिलिया, १८ चैत/सिन्ह्वा

ब्रजीलमा सेना, नौसेना र हवाई सेनाका प्रमुखहरूले एकसाथ राजीनामा दिएको यहाँको रक्षा मन्त्रालयले बुधवार जानकारी दिएको छ। राष्ट्रपतिले सेनामाथि अनावश्यक दबाब दिने प्रयास गरेको विरोधमा उनीहरूले राजीनामा दिएको बताइएको छ।



राष्ट्रपति जइर बोल्सोनारो (बीचमा)। तस्वीरः फाइल

राष्ट्रपति जइर बोल्सोनारोले राजनीतिक सङ्कट जेलिरहेको यस अवस्थामा पुनः सेनातर्फका तीनवटा उच्च पदबाट राजीनामा आएको समाचार जनाइएको छ। राष्ट्रपतिसँग मतभेद भएर ब्रजीलका सेना, नवसेना तथा हवाई सेनाका प्रमुखहरूले एकसाथ राजीनामा दिनु यहाँको इतिहासमा सन् १९८५ पछिको पहिलो घटना भएको बताइएको छ।

गत सोमवार मात्रै आफ्ना विदेश तथा रक्षा मन्त्री दुवैले राजीनामा दिएपछि मन्त्रिपरिषद् पुनर्गठन गर्न बोल्सोनारो बाध्य भएका थिए। बोल्सोनारोका समर्थक मानिएका विदेशमन्त्रीले सांसदहरूको आलोचनापछि राजीनामा दिएको भोलिपल्टै सेना, नौसेना र हवाई सेनाका प्रमुखहरूको राजीनामा आएको बताइएको छ।

सन् २०१९ को जनवरीमा बोल्सोनारोले सत्ता सम्हालेयताकै सबैभन्दा ठूलो राजनीतिक सङ्कटको सामना गर्नुपरेको छ। कोरोना भाइरस सङ्क्रमणको कारण विश्वमा दोस्रो स्थानमा परेको ब्रजीलमा कोरोना भाइरस महामारीलाई लिएर राष्ट्रपतिको लोकप्रियता खस्कँदो अवस्थामा रहेको छ।

ब्रजीलमा कोरोनाका कारण अहिलेसम्म तीन लाख १४ हजार जनाको ज्यान गइसकेको छ भने एक करोड २५ लाखजनामा सङ्क्रमण पुष्टि भएको छ। रासस

## भारतमा सङ्क्रमितको सङ्ख्या एक करोड २१ लाख नाघ्यो

नयाँ दिल्ली, १८ चैत/सिन्ह्वा

भारतमा गत २४ घण्टामा ५३ हजार ४८० जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कुल सङ्क्रमितको सङ्ख्या एक करोड २१ लाख ४९ हजारभन्दा बढी पुगेको छ।

सो अवधिमा कोरोना भाइरस सङ्क्रमणबाट ३५४ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको सङ्ख्या एक लाख ६२ हजार ४६८ जना पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार जानकारी दिएको छ।

कुल सङ्क्रमितमध्ये पाँच लाख ५२ हजार ५६६ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने एक करोड १४ लाख ३४ हजार ३०१ जना सङ्क्रमणमुक्त भएका छन्।

भारतमा जनवरी १६ बाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरू भएको थियो।

सो समयदेखि हालसम्म ६ करोड ३० लाखभन्दा बढी मानिसले खोप लगाइसकेका छन्।

त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। परिषद्का अनुसार सोमवारसम्म भारतमा २४ करोड ३६ लाख ७२ हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। मङ्गलवार एकै दिनमा दश लाख २२ हजारभन्दा बढीको कोरोना परीक्षण गरिएको समाचारमा जनाइएको छ। रासस


### विपश्यना ध्यान शिविर सञ्चालनसम्बन्धी सूचना

यही २०७७ चैत २० देखि ३१ गते (२०२१ अप्रिल २ देखि १३)सम्म धम्म तराई विपश्यना ध्यान केन्द्र वीरगंज परवानीपुरमा १० दिवसीय विपश्यना ध्यान शिविर सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरूले सम्पर्क राखी धर्मको लाभ लिनुहुन अनुरोध गरिन्छ।

**सम्पर्क**

स्थानः– वीरगंज महानगरपालिका वडा नं २१, परवानीपुर

कार्यालय फोन नं ०५१–५२३१५२, ०५१–५२१८८४

मोबाइल नं ९८०४२४४५७६, ९८५५०२३४८५, ९८०२९२९९७९, ९८५५०२२२१४

email: tarai@dhamma.org.np, website: www.dhamma.org.np



### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## भारत प्रवेश भिसा नभएको क्यानेडियाली युवती पक्राउ

प्रस, रक्सौल, १८ चैत/

भारत रक्सौलस्थित अध्यागमन कार्यालयले भारत प्रवेश भिसा नभएको एकजना क्यानेडियाली युवतीलाई पक्राउ गरेको छ।



नेपालको वीरगंज नाकाबाट छिरेकी २६ वर्षीया विलियम्स रेबेकालाई रक्सौलस्थित अध्यागमन कार्यालय प्रहरीको सहयोगमा रामगढवाबाट पक्राउ गरेको हो।

वीरगंजबाट रक्सौल हुँदै रेबेका बेतिया जाने बसमा चढेको अध्यागमनमा सूचना आएपछि रामगढवा प्रहरीलाई खबर गरी पक्राउ गरिएको हो।

रेबेकासँग भारत प्रवेश भिसा थिएन। उनले पिसिआर परीक्षण पनि नगरेको र खोप पनि नलिएको बताइन्। उनलाई हरैया थानाको जिम्मा लगाइएको छ।

### भोकमरी...

पनि कुपोषणका कारण आफ्नो उमेरभन्दा कम उचाइका छन्। चार करोड सात लाख बच्चा कुपोषणको शिकार भएका छन् र सन् २०१८ मा ५३ लाख बच्चाको पाँच वर्ष नपुग्दै मृत्यु भयो। यसको मुख्य कारण कुपोषण नै देखिएको थियो।

**नेपालको स्थिति सुधारोन्मुख**

विश्वव्यापी भोकमरी सूचाङ्कमा नेपाल १०७ देशमध्ये ७३औं स्थानमा परेको छ। सन् २००० मा नेपालको जिएचआई सूचाङ्क ३७.४ थियो, जुन जोखिमपूर्ण मानिन्छ।

तर यो क्रमशः घट्दै सन् २०२० मा १९.५ छ। नेपाल भोकमरी अवस्थामा जोखिमपूर्णबाट गम्भीर हुँदै अहिले मध्यम अवस्थामा आएको छ।

सन् २००० मा मानिसहरूमा कुपोषणको प्रतिशत करीब २४ प्रतिशत थियो भने सन् २०२० मा ७ प्रतिशत हाराहारी थियो। त्यस्तै, आफ्नो उमेरका तुलनामा कम उचाइ भएका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशतमा पछिल्ला बीस वर्षमा नेपालले राम्रो सुधार गरेको छ।

सन् २००० मा यस्ता बालबालिकाको सङ्ख्या ५८ प्रतिशत थियो भने सन् २०२० सम्म आइपुग्दा ३७ प्रतिशतमा झरेको थियो।

नेपालमा आफ्नो उमेर र शारीरिक बनावटको तुलनामा कम तौल भएका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशतमा भने यी बीस वर्षमा खासै सुधार भएको छैन।

सन् २०२० को जिएचआईले नेपाल र डेमोक्रेटिक रिपब्लिक अफ कङ्गोको पोषण अवस्थालाई नजीकबाट नियालेको हो।

सन् २००० मा यो सङ्ख्या ११ प्रतिशत थियो भने सन् २०२० मा ९ प्रतिशत थियो। त्यस्तै, नेपालको शिशु मृत्युदर (पाँच वर्ष नपुग्दै मृत्यु हुने) सन् २००० मा ८ प्रतिशत थियो भने २०२० मा ५ प्रतिशत हाराहारीमैं छ।

समग्रमा द्वन्द्व, गरीबी, असमानता र तीव्र गतिमा भइरहेको जलवायु परिवर्तनका कारण भोकमरी बढिरहेको छ। अझ विश्वव्यापी कोरोना भाइरस महामारी र अफ्रिकी देशहरूमा आएको सलह महामारीका कारण दशौं लाख मान्छे भोकमरीको शिकार हुन सक्ने देखिएको छ।

राष्ट्रसङ्घले संसारभर अब थप सात लाख बालबालिका भोकमरीको शिकार हुने अनुमान गरेको छ। त्यस्तै, न्यून र मध्यम आय भएका देशमा ६ करोड सात लाख बालबालिका कुपोषणको शिकार हुने अनुमान छ। कोरोना भाइरसले निम्त्याएका बन्देजहरूका कारण करीब एक लाख तीस हजार बालबालिकाले ज्यान गुमाउन सक्ने अनुमान गरिएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुभय | कर्कट – कार्यनाश |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनखति | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### महत्त्वपूर्ण कागजात हराएको सूचना

रानीघाटबाट पावरहाउस चोकमा जाने क्रममा मिति २०७७/११/१५ गते बिहान १० बजे मेरो +२ को पास सर्टिफिकेटलगायत अन्य महत्त्वपूर्ण कागजात हराएकाले पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा मोनं ९८४६९८३९१६ मा खबर गरिदिनुहुन अनुरोध छ।

**शैलेन्द्र चौधरी**
सुपौली–९, सढी
हालः जीराभवानी गाउँपालिका



### लोकसेवाको तयारी

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE

Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300



### हिमालयन डिष्टिलरी लिमिटेड

बिरगञ्ज महानगरपालिका वार्ड नं. २१, पर्सा

**पुरानो चिम्नीहरु भत्काई विक्री गर्ने सम्वन्धमा गरिएको दरभाऊ पत्र (कोटेशन) आवहान**

यस कम्पनीको पर्सा जिल्ला विरगञ्ज महानगरपालिका वार्ड नं. २१, लिपनिविर्ता स्थित कारखानामा रहेको निम्न विवरण भएको २ थान पुरानो चिम्नीहरु कारखानाको दैनिक रुपमा संचालन हुने नियमित कार्यमा असर नपर्ने गरी हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सुरक्षित तवरले भत्काई खरिद गरि हटाई लग्न ईच्छुक फर्म/कम्पनी/संघ संस्था वा व्यक्तिबाट यो सूचना प्रकाशित भएको मितिले एक्काईस (२१) दिन भित्रमा तपशिलको ठेगानामा गोप्य दरभाऊ पत्र आवहान गरिएको छ। ईच्छुक खरिदकर्ताले कार्यालय समयमा कम्पनीको कारखानामा सम्पर्क गरि उक्त चिम्नीहरुको निरिक्षण गर्न समेत सक्नु हुनेछ।

| क्र.सं. | विवरण | उचाई | सतहको गोलाई |
|---|---|---|---|
| १ | ईटाबाट निर्मित चिम्नी | १७ मिटर | ४.१७ मिटर |
| २ | एम.एस. चिम्नी | २७.९ मिटर | १.२७ मिटर |

नोट :

१. खरिद कर्ताबाट प्राप्त दरभाऊ पत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कम्पनीमा निहित रहनेछ।
२. खरिद कर्ताले रु.२५,०००।– (अक्षरुपी पच्चिस हजार) नगद रकम धरौटी बुझाई दरभाऊ पत्र पेश गर्नुपर्नेछ र कुनै कारणवस स्वीकृत खरिदकर्ताले आफुले कबोल गरेको प्रस्तावित कार्य गर्ने मनसाय नदेखाएको वा मनासिव समय सम्म नगरेको अवस्थामा दरभाऊ पत्र धरौटी वापतको रकम कम्पनीले जफत गर्नेछ।
३. चिम्नी भत्काउने, लैजाने कार्यवाट हुन सक्ने सम्पुर्ण जोखिमहरु जस्तैः मानवीय, भौतिक र आर्थिक आदि स्वीकृत दरभाऊ पत्र दाता स्वयमले व्यहोर्नु पर्नेछ। उपरोक्त सम्वन्धमा यस कम्पनीको कुनै जिम्मेवारी रहने छैन।
४. दरभाऊ पत्र स्वीकृत भएमा उक्त चिम्नी खरिदकर्ताले भत्काई आफनै खर्चमा व्यवस्थित साथ लग्नु पर्ने छ। खरिदकर्ता र यस कम्पनी वीच सो सम्वन्धमा छुट्टै सम्झौता सम्पन्न गरी कार्यन्वयन गरिनेछ।
५. तोकिएको समयावधि भित्र प्राप्त दरभाऊ पत्र मात्र कम्पनीलाई मान्य हुनेछन।
६. फर्म, कम्पनी वा संस्थाले गोप्य दरभाऊ पत्र दिदा आफनो व्यवसाय दर्ता सम्वन्धि सम्पूर्ण कागजातहरुका साथ फोन/मोबाइल नं. स्पष्ट रुपमा खुलाउनु पर्नेछ। व्यक्तिका हकमा भने नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित हालको ठेगाना र सम्पर्क नं. स्पष्ट खुलाई निवेदन दिनु पर्नेछ।
७. अन्य शर्तहरु कम्पनीले तोके बमोजिम हुनेछ।
८. यस सूचना बम्मोजिम प्राप्त हुने कुनै पनि खरिद प्रस्ताव पूर्ण वा आंशिक रुपले स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अख्तियारी यसै कम्पनीसंग निहित रहेको छ।

बोलपत्र पेश गर्ने ठेगानाः
हिमालयन डिष्टिलरी लिमिटेड
सम्पर्क कार्यालयः ललितपुर–५, जावलाखेल, ललितपुर
फोन नं :– ०१–५५२२०१०
निरिक्षणको लागि मात्र सम्पर्क नं.०५१–६२०२२३,९८०२५३४१०३ (हिमालयन डिष्टिलरी लिमिटेड, बिरगञ्ज वार्ड नं. २१, पर्सा)

# महानगरमा कोरोना बढ्यो, तयारी कमजोर

प्रस, वीरगंज, १८ चैत/

एक सातादेखि वीरगंजमा पुनः कोरोना महामारी फैलिने त्रास बढेको



वीरगंजको घण्टाघर। तस्वीरः प्रतीक

छ। भारतका दक्षिणी राज्यहरूमा पोहोर साल जस्तै अचानक कोरोना सङ्क्रमित बढ्न थालेपछि भारतको कोरोनाको असर वीरगंज हुँदै नेपालको राजधानी काठमाडौंसम्म पुगेको छ। कोरोना महामारी न्यून भएको मौका छोपी नेपाल सरकारले नेपाल–भारत सीमा सहज गरी होटल तथा पर्यटन व्यवसायलाई ऊर्जा दिन थालेको बेला पुनः सरकार गम्भीर बनेर कोरोना महामारी नियन्त्रणको लागि भारतको सीमावर्ती क्षेत्रनजीकका प्रशासनलाई सीमामा कडाइ गर्न र उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ।

यसैबीच, वीरगंजमा पुनः कोरोना सङ्क्रमित भेटिन थालेपछि कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र पर्सा तयारीमा जुटेको छ। तर त्यो तयारी पर्याप्त नरहेको जिल्लाका चिकित्सकहरूको भनाइ छ। यदि सङ्क्रमितको सङ्ख्या बढ्न थाल्यो र केहीलाई पोहोर जस्तै श्वासप्रश्वासमा समस्या देखियो भने कहाँ राखेर उपचार गर्ने भन्नेबारेमा पनि अहिलेसम्म टुङ्गो लागेको छैन। कोभिड अस्पताल सञ्चालनबारे प्रक्रिया अघि बढे तापनि कहिलेदेखि सञ्चालन हुने भन्नेबारेमा टुङ्गो लागेको छैन।

स्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य निरीक्षक जयमोद ठाकुर सम्बन्धित पालिकाले कोरोना सङ्क्रमण न्यूनीकरणको लागि पूर्वतयारीका काम गर्न नसकेको बताउँछन्। उनले वीरगंजमा दुई साताभित्र २० जना सङ्क्रमित भेटिनुले कोरोनाको दोस्रो लहर शुरू हुने आशङ्का गरेका छन्। उनले नारायणी अस्पतालका चिकित्सकहरू कोरोनासँग जुध्न तयारी अवस्थामा रहेको बताए। तर सोअनुरूपको तयारी अस्पताल व्यवस्थापन पक्षले गर्न नसकेको चिकित्सकहरूको आरोप छ। नारायणी अस्पतालमा १५ शय्याको आइसियूसहितको आइसोलेशन वार्ड बनाउने निर्णय भए तापनि हालसम्म सञ्चालनमा आएको छैन। यसमा नारायणी अस्पतालका मेडिकल



कोरोना सङ्क्रमित उपचार गराउँदै। तस्वीरः प्रतीक

सुपरिटेन्डेन्ट डा सञ्जय ठाकुरले ८ वटा भेन्टिलेटर र १५ शय्याको आइसियू बेड सञ्चालनमा आउने बताए। उनले तयारीको काम भइरहेकाले छिटै सञ्चालन हुने बताए। उनले सङ्क्रमण पुष्टि भएपछि गम्भीर बिरामीलाई नारायणी अस्पतालकै आकस्मिक कक्षमा राखेर उपचार गर्न सकिने बताए।

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले पोहोर जस्तै प्रदेशभरिकै सङ्क्रमितको उपचारको लागि वीरगंज महानगर एक्लैले आर्थिक सहयोग नगर्ने बताए। उनले पर्साका १४ वटा पालिकाले आआफ्नो क्षेत्रका सङ्क्रमितको आफैं उपचार तथा व्यवस्थापनको जिम्मा लिनुपर्ने धारणा राखे। उनले क्वारेन्टाइन, कन्टयाक्ट ट्रेसिङ, कोभिड अस्पताल सञ्चालनमा वीरगंज महानगरले मात्र किन खर्च गर्ने भन्दै यदि महामारी बढ्यो भने सम्बन्धित पालिकालाई व्यवस्थापन गर्न अपील गरे।

कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र पर्साका संयोजक तथा पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तमाङले कोरोनाविरुद्धको तयारी भइरहेको बताए। उनले वीरगंजको नारायणी अस्पतालमा १५ शय्याको आइसोलेशन वार्ड, नेशनल मेडिकल कलेजको कोभिड अस्पताल तथा पर्साको पोखरिया, बगही, भिखमपुरलगायत प्राथमिक स्वास्थ्य केन्द्रमा पनि सङ्क्रमितलाई राखेर उपचार गर्न सकिने बताए। जबसम्म अवस्था गम्भीर हुँदैन, तबसम्म सङ्क्रमितहरू होम आइसोलेशनमैं बस्न सक्ने उनको भनाइ छ।

**वीरगंजमा खोप लगाएका ६० वर्षीय वृद्ध पुनः सङ्क्रमित**

कोरोनाविरुद्धको खोप लगाउने पर्साका एकजना वृद्ध तीन सातापछि सङ्क्रमित भएका छन्। वीरगंज–२५ श्रीसियाका ६० वर्षीय वृद्ध सङ्क्रमित भएका हुन्। उनको गत शनिवार नारायणी अस्पतालमा पिसिआर परीक्षण भएकोमा नतीजा पोजेटिभ आएको थियो। उनलाई श्वासप्रश्वासमा समस्या आएपछि शनिवार नै एडभान्स हस्पिटलमा भर्ना गरी उपचार भइरहेको थियो। त्यहाँका एकजना चिकित्सकले पिसिआर परीक्षण गर्न सुझाव दिएपछि उनको स्वाब सङ्कलन गरी परीक्षण गर्दा नतीजा पोजेटिभ आएको थियो। हाल नारायणी अस्पतालको आकस्मिक कक्षमा ती वृद्धको उपचार भइरहेको परिवारजनले बताएका छन्। निजका छोराले गत फागुन २६ गते श्रीसिया स्वास्थ्य चौकीमा बुबाले कोभिशिल्ड खोपको पहिलो डोज लिएको बताए। यस विषयमा नारायणी अस्पतालले पनि छानबिन गरिरहेको जनाएको छ। एक चिकित्सकले यस विषयमा स्वास्थ्य विभागलाई रिपोर्टिङ गर्ने बताए। नेपाल सरकारले अक्सफोर्ड र अस्ट्राजेनिकाले संयुक्तरूपमा विकसित गरेको भारतको सिरम इन्स्टिच्यूटले उत्पादन गरेको कोभिशिल्डलाई आपत्कालीन प्रयोगको लागि स्वीकृति दिएको छ।




## लागूऔषधसहित युवक पक्राउ

प्रस, रक्सौल, १८ चैत/

रक्सौल प्रहरीले लागूऔषधसहित एकजना नेपाली युवकलाई पक्राउ गरेको छ।

मङ्गलवार राति सूचनाको आधारमा बैंकरोड, स्टेशनरोडको गल्लीबाट मुकेश कुमार भन्ने युवकलाई २४५ थान बोतल कोरेक्ससहित पक्राउ गरेको रक्सौल प्रहरीले जनाएको छ। पक्राउ परेका युवक लामो समयदेखि कोरेक्सको कारोबारमा संलग्न रहेको बताइएको छ। रक्सौलबाट कोरेक्स ढुवानी गरेर नेपालमा बिक्री गर्ने गरेको प्रारम्भिक बयानमा मुकेशले स्वीकारेका छन्।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |

# पर्सामा लागेको डढेलो नियन्त्रण

प्रस, सेढवा, १८ चैत/

पर्सा राष्ट्रिय निकुञ्जमा लागेको




डढेलो नियन्त्रणमा आएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज साहले डढेलो नियन्त्रणमा आएको बताए।

उनले निकुञ्जको गडुवालाइन पोस्टको जङ्गलमा बढी डढेलो लागेको र नेपाली सेना तथा मध्यवर्ती क्षेत्रका सदस्यहरूको प्रयासमा डढेलो नियन्त्रणमा आएको बताए। उनले जङ्गलमा डढेलो लाग्न नदिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको भएपनि डढेलो लागेर वनजङ्गललाई क्षति पुगेको बताए। डिभिजन वन कार्यालय, पर्साका निमित्त प्रमुख फरमान मियाँले राष्ट्रिय वनमा लागेको डढेलो नियन्त्रणका लागि जनशक्ति परिचालन गरिएको बताए। उनले अहिलेसम्म वसन्तपुर, रङ्गपुर तथा सबैयालगायत क्षेत्रका दर्जनौं स्थानमा लागेको डढेलो नियन्त्रणमा आएको बताए।

वनसँग सरोकार रहेका जनप्रतिनिधि, सञ्चारकर्मी, स्थानीयबीच डढेलो नियन्त्रणका विषयमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको उनले बताए। निर्मल–ठोरी उपभोक्ताका अध्यक्ष बालकुमार बस्नेतले पनि डढेलो नियन्त्रणमा आएको जानकारी गराए। उनले डढेलो लागेको समयताकाको अवस्था भयावह भएको र नियन्त्रणमा समस्या आइपरेको बताए। उनले निकै कठिनाइका बीच डढेलो नियन्त्रणमा आएको र अन्यत्र फैलिन नदिन निगरानी बढाइएको बताए।

पर्सा जिल्लाको राष्ट्रिय निकुञ्ज, राष्ट्रिय वन गरी ३३ भन्दा बढी स्थानमा डढेलो लागेको थियो। देशभर २८३ स्थानमा डढेलो लागेकोमा पर्सा जिल्लामा सबैभन्दा बढी ठाउँमा डढेलो लागेको सरकारी तथ्याङ्कले जनाएको छ। डढेलो लागेको समयमा त्यहाँबाट निस्केको धूवाँले जिल्लाभरि प्रदूषण बढाएको थियो।

# लालबन्दीमा नगरस्तरीय वाङ्मय परिषद् गठन

प्रस, गरुडा, १८ चैत/

प्रदेश २ को सर्लाही जिल्लामा रहेको लालबन्दी नगरपालिकामा नगरस्तरीय वाङ्मय परिषद् गठन भएको छ। नगरपालिकाको नगरसभाले पारित गरेको लालबन्दी नगर वाङ्मय परिषद् ऐन, २०७७ को परिच्छेद ३ को दफा ७ (३) बमोजिम लालबन्दी नगर वाङ्मय परिषद् गठन भएको हो।

लालबन्दी नगर क्षेत्रभित्र बसोबास गर्ने भाषासेवी, साहित्यकार तथा कलाकारहरूको भेलाले अच्युत अधिकारीलाई लालबन्दी नगर वाङ्मय परिषद्को अध्यक्ष चयन गरेको छ। अधिकारी लालबन्दीबाट प्रकाशनरत गोलसिमल साहित्यिक मासिकका प्रकाशक–सम्पादक हुन्। परिषद्को उपाध्यक्षमा राजेश्वरी काफ्ले र सचिवमा कवि तथा समालोचक सुमन घिमिरे अग्रिम तथा कोषाध्यक्षमा विवश पौडेल चयन भएका छन्।

निर्मल बराल, मकरबहादुर सार्की, टीकाराम श्रेष्ठ, सुमित्रा आचार्य, रीता कोइराला, कर्णबहादुर चौहान, सूर्यप्रसाद बराल, अम्बिका पौडेल र रामदरेश महतो सदस्य रहेको परिषद्को सल्लाहकारमा पुष्कर घिमिरे पथिक, बलराम पोखरेल, विप्रहरि दाहाल, गोविन्द अधिकारी, वासुदेव अधिकारी, सन्तोष दाहाल स्नेह, देवीबन्धु थापा रहेका छन्।

नगरपरिषद्को लागि आयोजित भेलामा नगरप्रमुख मानबहादुर खड्का तथा उपप्रमुख शान्ति लामासहित सर्लाहीमा अस्तित्वमा रहेका विभिन्न साहित्यिक संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो।

लालबन्दी नगर वाङ्मय परिषद्को अध्यक्षमा चयन भएपछि अच्युत अधिकारीले नगरको भाषा, साहित्य, कला, दर्शन र संस्कृतिको विकासमा लागिपर्ने प्रतिक्रिया दिएका छन् भने सचिव सुमन घिमिरे अग्रिमले कृति प्रकाशन, पुस्तकालय निर्माण र सञ्चालन तथा सर्जकहरूलाई पुरस्कृत र सम्मानित गरिने परम्पराको सुरुआत गरी वाङ्मयको सेवामा हरेक क्षेत्रमा काम गर्ने बताएका छन्।

# उच्च अदालत वीरगंजको फैसला इप्रका सिमराले मानेन

प्रस, जीतपुर, १८ चैत/

२०६३/६४ मा जन्मको आधारमा स्थायी बासिन्दाहरूलाई नागरिकता वितरण गरियो तर तिनका सन्तानले अहिलेसम्म सहजरूपमा नागरिकता पाएका छैनन्। जन्मसिद्ध नागरिकका छोराछोरी नागरिकता नहुँदा उच्च शिक्षा, प्राविधिक शिक्षासहित स्वदेश तथा विदेशमा रोजगारबाट वञ्चित हुनुपरेको छ।

एकजना युवकका अनुसार २०३५ सालमा हजुरबुबाले गृह मन्त्रालय, काठमाडौंबाट अङ्गीकृत नागरिकता पाए र सो नागरिकता पाएपछि उनका काकाले वंशजको नाताले इलाका प्रशासन कार्यालय सिमराबाट नागरिकता पाएर अहिले वैदेशिक रोजगारमा छन् भने हजुरबुबाले नागरिकता पाउनुभन्दा अघि युवकका बुबाले जन्मको आधारमा इलाका प्रशासन कार्यालय, सिमराबाट २०६३/११/२८ गते जन्मसिद्ध नागरिकता पाए। त्यसपछि युवकका आमाले पनि वैवाहिक नागरिकता पाइन्। तर हालसम्म पनि छोराले नागरिकता नपाएको भन्दै उनले गुनासो गरेका छन्।

सहज नागरिकता पाउनको लागि युवकले इलाका प्रशासन कार्यालय, सिमराविरुद्ध उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजमा परमादेश मुद्दा दायर गरेको पीडित युवकले बताए। अदालतका न्यायाधीश महेशप्रसाद पुडासैनी र शान्ता सेढाईं सापकोटाको फैसलाबमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सिफारिसलगायत अन्य प्रमाण कागजातहरू ल्याइ सम्बन्धित कार्यालयमा आवेदन दिएमा सो सम्बन्धमा आवश्यक निर्णय निकास दिनु भनी विपक्षीमध्ये इलाका प्रशासन कार्यालय, सिमराको नाममा परमादेश जारी गरेको थियो। तर इलाका प्रशासन कार्यालय, सिमराका प्रमुख लक्ष्मण ढकालले यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बारा, कलैयामा युवकलाई पठाएका छन्।

## वीरगंज–ठोरी.....

निर्माण कम्पनीलाई काम पूरा गर्न लगाइने पनि चौधरीले बताए।

निर्माण कम्पनीले सबै काम पूरा गरी कालोपत्रे गर्ने तयारी गरिरहेकै बेला चितवन राष्ट्रिय निकुञ्जले काम रोक्न परिपत्र गरेकोले निर्माण कम्पनीले ९५ प्रतिशत काम पूरा गरेर बिदा लिएको हो।

निकुञ्जको अवरोधका कारण काम पूरा गर्न नसकिएकोले यदि वातावरण सहज बनेको खण्डमा आफ्नो निर्माण कम्पनीलाई सडक निर्माणको जिम्मा दिए पुनः आएर काम पूरा गर्ने निर्माण कम्पनीका प्रतिनिधि उद्धव न्यौपानेले बताए।

ठोरीको ठुटेखोलामा कुलो विवाद रहेकाले उक्त स्थानमा, रामनगरका दुई ठाउँमा र निर्मलबस्तीमा कालोपत्रे गरिएको छैन भने रूखलाई मूल सडकको बीचबाट नहटाइ रूखलाई बीचमैं पारेर कालोपत्रेसमेत गरिएको छ।

चलनचल्तीकै बाटो निर्माणमा चितवन राष्ट्रिय निकुञ्जले अवरोध पुऱ्याएकोले ठोरीको विकासमा बाधक बनेको भन्दै स्थानीयहरूको आक्रोश बढ्दो छ।

## किर्ते..............

कार्यालय, पर्साले १४ जनाविरुद्ध अभियोगपत्र दर्ता गराएको थियो। सो सम्बन्धमा पर्सा प्रहरीले ६ जनालाई पक्राउ गरेको थियो। यो मुद्दामा शुरूमा जिल्ला न्यायाधिवक्ताको कार्यालयले घटनाका योजनाकार गिरधारीलाल अग्रवाललाई मुद्दा नचलाउने गरी सफाइ दिएको थियो।

यसैगरी, पर्सा जिल्ला अदालतले पक्राउ परेकामध्ये अमरकुमार गुप्तालाई रु १ लाख धरौटीमा रिहाको आदेश गरेको थियो भने अन्यलाई पुर्पक्षको लागि कारागार चलान गर्ने निर्णय गरेको थियो। जिल्ला अदालतको निर्णयविरुद्ध उच्च अदालतले लेखनदास अमरकुमार गुप्तालाई धरौटीमा छोड्ने जिल्ला अदालतको निर्णय उल्टाएको छ र पुर्पक्षको लागि थुनामा राख्न निर्णय गरेको छ। जिल्ला अदालतले यही घटनामा पक्राउ परेका प्रमेश प्रसादलाई थुनामा राखेर कारबाई गर्ने निर्णय सदर गरेको छ। मालपोत कार्यालय, पर्साका प्रमुख झा र कम्प्युटर अपरेटर श्रीनारायण सरकारी कर्मचारी भएकाले उनीहरू फरार हुने सम्भावना कम भएको भन्दै उच्च अदालतले धरौटी माग गरेको थियो। तर धरौटी बुझाउन नसक्दा उनीहरू अहिले वीरगंज कारागारमैं छन्।

यो घटनाका मुख्य रचनाकार मुकेश राजभण्डारी भन्ने केवलप्रताप जबरा पनि पुर्पक्षको लागि कारागारमैं छन्। उनले यो मुद्दामा पुनरावेदन गरेका छैनन्। स्व कमला राजभण्डारीका छोरा राजीव राजभण्डारीले पर्सा जिल्ला अदालतमा सङ्गठित रूपमा किर्ते तथा ठगीसम्बन्धी कसूरमा मुद्दा दायर गरेका थिए।